नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI

पत्र संख्या: एजिएम १ ५३/७५ (१२)

नेपाल उद्योग वाणिज्य महासंघ २०२२ नेपाल ★ काठमाडौं ★

२०७५/११/२६

श्री सदस्य महानुभावहरू,
नेउवामहासंघ ।

**विषय: नेपाल उद्योग वाणिज्य महासंघको ५३ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस-२०७५ को सूचना ।**

महोदय,

यस महासंघको विधान (छैठौं संशोधन) को दफा २५.३ अनुसार महासंघको **५३औं वार्षिक साधारण सभा यही २०७५ साल चैत्र २८ र २९ गते (April 11 &12, 2019)** हुने भएको सहर्ष जानकारी गराउन चाहान्छु । चैत्र २८ गते ५३औं वार्षिक साधारण सभाको साथै उद्योग वाणिज्य दिवस-२०७५ को समुद्घाटन कार्यक्रम होटल याक एण्ड यति दरवारमार्गमा हुने र दोस्रो दिनको कार्यक्रम सानेपा स्थित हेरिटेज गार्डेन ललिपुरमा हुने व्यहोरा समेत प्रस्तुत गर्दछु ।

महासंघको ५३औं वार्षिक साधारण सभा सम्बन्धी भएका व्यवस्था एवं संक्षिप्त कार्यक्रम यसै साथ पठाएको छु । सो अनुसार ५३औं वार्षिक साधारण सभामा भाग लिन आवश्यक व्यवस्था सहित प्रतिनिधी पत्र पठाई दिने व्यवस्थाको लागि सादर अनुरोध गर्दछु ।

**१. ५३औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस-२०७५ को समुद्घाटन कार्यक्रम:**

**२०७५ साल चैत्र २८ गते याक एण्ड यति होटल दरवारमार्ग**

१.१ अध्यक्ष श्री भवानी राणाबाट स्वागत भाषण ।

१.२ प्रमुख अतिथिबाट ५३औं वार्षिक साधारण सभा, उद्योग वाणिज्य दिवस-२०७५ को समुद्घाटन एवं सम्बोधन ।

१.३ महासंघका सदस्य संघ/संस्था जिल्ला नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघ एवं द्विराष्ट्रिय उद्योग वाणिज्य संघलाई कदर सम्मान प्रदान ।

१.४ वरिष्ठ उपाध्यक्ष श्री शेखर गोल्छाबाट धन्यवाद ज्ञापन ।

**२.समुद्घाटन कार्यक्रम पश्चात**

**२०७५ साल चैत्र २८ गते याक एण्ड यति होटल दरवारमार्ग**

२.१ सातै वटा प्रदेशका मुख्य मन्त्रीज्यूहरूसंग अन्तरकृया

**३.२०७५ साल चैत्र २९ गते सानेपा स्थित हेरिटेज गार्डेन ललितपुर**

३.१ माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीज्यू एवं माननीय अर्थमन्त्रीज्यूसंग अन्तरकृया

क्रमश: .. २

P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg,
Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION, Fax : 977-1-4261022, 4262007

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७

STOP Child Labour

नेपाल उद्योग वाणिज्य महासंघ
२०२२
नेपाल
काठमाडौं

## ४. ५३औं वार्षिक साधारण सभाको औपचारिक कार्यक्रम :

४.१ अध्यक्ष श्री भवानी राणाबाट सभालाई सम्बोधन र सो सम्बन्धि छलफल तथा अनुमोदन ।

४.२ नि. महानिर्देशबबाट महासंघको "वार्षिक प्रतिवेदन २०७५" प्रस्तुत र सो सम्बन्धि छलफल तथा अनुमोदन ।

४.३ आ.व. २०७४/७५ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात एवं आय व्यय विवरण प्रस्तुत र सो सम्बन्धि छलफल तथा अनुमोदन ।

४.४ लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।

४.५ कार्यकारिणी समितिद्वारा प्रस्तुत प्रस्तावहरू उपर छलफल ।

## ५. सभामा प्रतिनिधित्व एवं प्रतिनिधि शुल्कः सम्वन्धी भएको व्यवस्था

५.१. ५३औं वार्षिक साधारण सभामा भाग लिने सम्बन्धमा विधानको दफा २९(३) अनुसार जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ र द्विराष्ट्रिय उद्योग वाणिज्य संघ सम्बन्धमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्नेछ ।

५.२ अध्यक्ष सभामा उपस्थित हुन नसक्ने भएमा सम्बन्धित संघको कार्यकारिणी समितिले आफू मध्येबाट छानेको व्यक्तिले मुख्य प्रतिनिधिको रुपमा प्रतिनिधिमण्डलको नेतृत्व गर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार सम्वन्धित संघको कार्यकारिणी समितिले गरेको निर्णयको प्रमाणित प्रतिलिपि प्रतिनिधिपत्र दर्ताको समयमा पेश गर्नु पर्नेछ ।

५.३ एशोसिएट सदस्यको हकमा सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्यका साथै कार्यकारी सञ्चालक, कार्यकारी प्रमुख, महाप्रबन्धक वा नायव महाप्रबन्धक तहसम्मको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधिको रूपमा मनोनयन गरी पठाउनु पर्नेछ ।

५.४ ५३औं वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधिमण्डलको लागि भर्नु पर्ने प्रतिनिधि पत्र यसै साथ संलग्न छ । उक्त प्रतिनिधि पत्र वार्षिक साधारण सभा हुनु भन्दा **१ दिन अगाडि अर्थात यही २०७५ चैत्र २७ गते**भित्र महासंघको सचिवालय टेकुमा पुग्ने गरी पठाउनु पर्ने छ ।

५.५ महासंघका सदस्य संघ संस्थाहरू जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरूबाट मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधि सहित ३ जनासम्म प्रतिनिधिमण्डल पठाउन सक्ने छन् ।

५.६ वस्तुगत संघहरूबाट मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधि सहित २ जनासम्मको प्रतिनिधिमण्डल पठाउन सक्ने छन् ।

५.७ द्विराष्ट्रिय उद्योग वाणिज्य संघ र एशोसिएट सदस्यको हकमा १/१ जनाको प्रतिनिधिको व्यवस्था गरिएको छ ।

**५.८** वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधिहरूको लागि प्रति व्यक्ति रु ४,०००।(चार हजार) प्रतिनिधि शुल्क लाग्ने छ ।

क्रमशः .. ३

४. **वार्षिक सदस्यता शुल्क सम्बन्धमा**

४.१ ५३औं वार्षिक साधारण सभामा भाग लिनको लागि सदस्य संघ/प्रतिष्ठानहरूले आ.व. २०७५/७६ सम्मको वार्षिक सदस्यता शुल्क बुझाउनु पर्नेछ। उक्त वार्षिक सदस्यता शुल्कका साथै प्रतिनिधि पत्र, प्रतिनिधि शुल्क सवै सदस्य संघ/प्रतिष्ठानहरुले यही **२०७५ साल चैत्र २७ गतेसम्म** महासंघको सचिवालयमा बुझाउनु पर्ने छ।

५. **प्रस्तावः**

५३औं वार्षिक साधारण सभामा पेश गर्ने प्रस्तावहरू महासंघको सचिवालयमा **२०७५ साल चैत्र १८ गते** भित्र आई पुग्ने गरी पठाउनु हुन अनुरोध छ।

**संलग्नः**

१. महासंघको वार्षिक प्रतिवेदन
२. महासंघको आ.व. २०७४/७५ को वासलात र लेखापरीक्षकको प्रतिवेदन र कृषि उद्यम केन्द्रको समेत
३. प्रतिनिधि पत्र थान १ (एक)।

भवदीय,

Gopal

( गोपाल प्रसाद तिवारी )
नि. महानिर्देशक

**बोधार्थः**

श्री अध्यक्षज्यू, नेउवामहासंघ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ।
श्री पूर्व अध्यक्ष एवं विशिष्ठ सदस्यज्यू, नेउवामहासंघ।
श्री वरिष्ठ उपाध्यक्षज्यू एवं उपाध्यक्षज्यूहरू, नेउवामहासंघ।
श्री कार्यकारिणी समितिका सदस्यज्यूहरू, नेउवामहासंघ।